# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १० | काठमाडौं | शनिबार, २० वैशाख २०८२ | Prabhab National Daily | Saturday, May 03, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# बलियो सरकारको कमजोर नीति तथा कार्यक्रम

## परम्परागत शैलीकै पुनरावृत्ति, देखिएन आशा जगाउने कार्यक्रम



यो नीति तथा कार्यक्रम गन्तव्यहीन छ। निरस र परम्परागत खालको छ। कार्यक्रम नै छैन। विगतमा स्पष्ट रूपले विषयगत कार्यक्रम राखिन्थ्यो। त्यसपछि बजेटमा अंक राखिन्थ्यो। यसले पनि सरकार गन्तव्यहीन तरिकाले चलेको पुष्टि हुन्छ।

**वर्षमान पुन**
पूर्वअर्थमन्त्री एवं माओवादी नेता



कार्यक्रम ठीकठाकै छ। यसलाई अझ बोल्ड बनाउन सकिन्थ्यो। धार लगाउन सकिन्थ्यो। परम्परागतभन्दा माथि उठेर केही गर्न सकिन्थ्यो। समग्रमा ठीकै छ।

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस






■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दुईतिहाइ बहुमतको सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको नीति तथा कार्यक्रम 'निरस' देखिएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८२/८३ का लागि सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्।

संसद्को ठूला दुई दलको गठबन्धन सरकारले जनतालाई आशा जगाउने र मुलुकको समस्यालाई निकास दिने कार्यक्रम ल्याउने अपेक्षा गरिएको थियो, तर त्यस्तो देखिएन। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले केही नयाँ कार्यक्रम समेटे पनि अधिकांश पुरानै कार्यक्रम दोहोर्‍याएको पाइएको छ। नीति तथा कार्यक्रममा धेरै प्रतिबद्धता जनाइएको छ तर ती प्रतिबद्धता कार्यान्वयन हुने सम्भावना देखिँदैन।

कूल ५५ पृष्ठमा समेटिएको १५५ बुँदे नीति तथा कार्यक्रममा परराष्ट्र सम्बन्धलाई सुधार्ने नीतिसहित 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' को मान्यता अनुरूप सार्वभौमिक समानताका आधारमा सबै राष्ट्रसँग सम्बन्ध विस्तार गर्ने नीति लिएको छ। 'संयुक्त राष्ट्रसंघ तथा बहुपक्षीय मञ्चहरूमा नेपालको भूमिकालाई थप प्रभावकारी र सशक्त बनाउँदै नेपालको हित प्रवर्द्धन गरिने छ। नेपाल आबद्ध क्षेत्रीय सहयोग संगठनमार्फत क्षेत्रीय सहयोगलाई नेपालको हित अनुकूल, अर्थपूर्ण र प्रभावकारी बनाइनेछ,' राष्ट्रपति पौडेलले भने। नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार बनेको ९ महिना बित्दा परराष्ट्र सम्बन्ध भने बिग्रँदो छ। यसैले होला, सरकारले नीति तथा कार्यक्रममा नयाँभन्दा पनि पुरानै कार्यक्रमहरू अघि सारेको देखिन्छ।

सरकारले बैंक तथा वित्तीय संस्थाहरूसँग भएको खराब कर्जा व्यवस्थापन गर्न कम्पनी खोल्ने भएको छ। बैंक तथा वित्तीय संस्थाहरूको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापन गर्नका लागि सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) कम्पनी खोल्ने भएको हो।

आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममार्फत सरकारले यस्तो कम्पनी स्थापना गर्ने जनाएको हो। पछिल्ला दिनमा अर्थतन्त्र संकटमा परेसँगै खराब कर्जा बढेको छ। गत आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासमा औसत ३.२७ प्रतिशत रहेको खराब कर्जा चालु आर्थिक वर्ष २०८१/८२ मा औसत ४.३३ प्रतिशत पुगेको छ। अर्थतन्त्र गतिशील बनाउन सरकारले यसखालका विविध कार्यक्रम अघि सारेको छ।

यसैगरी नेपाललाई यसपटक सम्पत्ति शुद्धीकरणसम्बन्धी नियमक संस्था फाइनान्सियल एक्सन टास्क फोर्स( एफएटिएफ)ले 'ग्रे लिस्ट' मा राख्यो। भ्रष्टाचार, हुण्डी, अवैध कारोबारबाट सम्पत्ति आर्जन गर्दा पनि दण्ड नदिने मुलुकहरूलाई एफएटिएफले यो सूचीमा राख्ने गर्छ। एफएटिएफको ग्रे लिस्ट सूचीमा परेसँगै अन्तर्राष्ट्रिय लगानी नआउने, देशको आर्थिक अवस्था कमजोर बन्दै जान्छ। यो समस्याबाट फुत्किन सरकारले २०८३ भित्र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सबै अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्ने प्रतिबद्धता जनाएको छ। यसैगरी सरकारले सरकारी सेवालाई डिजिटलमैत्री बनाउन सार्वजनिक प्रशासनमा सुधार ल्याउनका लागि 'फेसलेस सेवा' नारा अघि सारिएको छ।

क्रमशः पृष्ठ २ मा

### यी हुन् नीति तथा कार्यक्रमका प्रमुख विषय

- उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन।
- कर प्रणालीमा संरचनात्मक रूपान्तरण।
- वैकल्पिक वित्त कोष स्थापना।
- वस्तु विनिमयसम्बन्धी कानुन निर्माण।
- नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जको पुनर्संरचना।
- दोस्रो वित्तीय क्षेत्र विकास रणनीति लागू।
- बैंक तथा वित्तीय संस्थाको खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना।
- डिजिटल बैंकसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था।
- बिमा सूचना केन्द्र कार्यान्वयन।
- कृषि क्षेत्रमा उद्यम गर्न चाहनेलाई 'पाइलट प्रोजेक्ट'।
- मध्यपहाडी, हुलाकी र बिपी राजमार्गलाई जोडेर हरित व्यवसायमा आधारित आर्थिकमार्ग निर्माण।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पुनर्संरचना।
- कृषि बिमाको दायरा विस्तार, किसानका लागि राष्ट्रिय परिचयपत्र।
- बाली लगाउनुअघि नै समर्थन मूल्य तोकिने, बाली लगाएपछि अग्रिम खरिद सम्झौता गरिने।
- भूमिसम्बन्धी विधेयकलाई यसै अधिवेशनमा पारित गरिने।
- सहकारी नीतिको पुनरावलोकन गरी नयाँ नीति जारी गर्ने।
- समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता गर्न तत्काल कोष स्थापना।
- सहकारी ऋण सूचना, बचत सुरक्षण तथा ऋण असुली न्यायाधीकरण स्थापना।
- चुरे संरक्षण गुरुयोजना पुनरावलोकन।
- राष्ट्रपति चुरे-तराई मधेस संरक्षण परियोजना पुनर्संरचना।
- वायु गुणस्तर कार्ययोजना लागू।
- पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनमा युरो-६ मापदण्ड।
- जलवायु वित्त परिचालन रणनीति र कार्बन व्यापार नियमावली तर्जुमा।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्युत् प्रसारणलाइन निर्माणमा निजी क्षेत्रको सहभागिता सुनिश्चितता।
- स्टार्टअपसँग जोडेर सबै प्रदेशमा व्यवसाय संवर्द्धन केन्द्र स्थापना।
- धौवादी फलाम कम्पनी र विशेष आर्थिक क्षेत्रहरूलाई सार्वजनिक-निजी साझेदारीमा अघि बढाइने।
- नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्ययोजना लागू।
- लजिस्टिक गुरुयोजना निर्माण र कार्यान्वयन।
- ग्रिन हाइड्रोजनको व्यावसायिक उत्पादन।
- पेट्रोलमा बायो इथानोल मिसाउने नीति कार्यान्वयन।
- प्राकृतिक, सांस्कृतिक, साहसिक र चलचित्र पर्यटनको गन्तव्यका रूपमा नेपाल।
- नेपाललाई आरोग्य र ध्यान पर्यटनको स्थलका रूपमा प्रवर्द्धन।
- विश्वसम्पदा सूचीमा थप स्थानहरू समावेश गरिने।
- नेपाल वायुसेवा निगमको पुनर्संरचना।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीलाई निरूत्साहन

## श्रम संस्कृतिको विकास र आन्तरिक रोजगारी प्राथमिकतामा

■ **ममता थापा**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रलाई प्राथमिकताबाहिर राखेको छ। सरकारले आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखेको छ। वैदेशिक रोजगारीका क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक सीमित योजना मात्र बनाएर मूलतः मुलुकभित्रैको रोजगारी सिर्जनामा सरकार केन्द्रित भएको छ।

गत फागुनमा घोषणा भएको आन्तरिक रोजगार दशकलाई सार्थकता दिने खालका कार्यक्रमहरू सार्वजनिक गरिएका छन्। शुक्रबार प्रतिनिधिसभाको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। जसमा श्रम तथा रोजगार क्षेत्रअन्तर्गत वैदेशिक रोजगारमा कुनै नयाँ कार्यक्रम समेटिएको छैन।

पाँचौं राष्ट्रिय रोजगार सम्मेलनले सन् २०२५ देखि २०३५ लाई आन्तरिक रोजगार दशकको रूपमा मनाउने भनेर घोषणा गरेको छ। यसै घोषणालाई व्यावहारिक बनाउँदै लैजान श्रम गर्ने संस्कृतिको विकास गर्ने र श्रमको सम्मान गर्ने थिति बसालिने जनाइएको छ। देशभित्रै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गर्ने सरकारको घोषणा छ। पछिल्लो समय उद्यमी बन्नेभन्दा पनि जागिर खाने प्रवृत्ति बढेको भन्दै सरकारले चिन्ता व्यक्त गर्दै आएको छ। रोजगार दशकमार्फत उद्यमी हुन प्रोत्साहन गरी उद्यमशीलताका लागि अनुकूल वातावरण सिर्जना गरिदिने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बताउँदै आएको छ।

स्वरोजगारी तथा ज्याला रोजगारी दुवैको माध्यमबाट आन्तरिक रोजगारी सिर्जना गर्ने सरकारले बताएको छ। युवाहरूका लागि मुलुकमै रोजगारीमा आकर्षित गर्नका लागि इन्टर्नलाई पनि स्टार्टअपमा समावेश गरिने भएको छ। उनीहरूलाई काम गरेको समयमा आधारित भएर ज्याला दिने प्रणाली लागू गरिने जनाइएको छ। मुलुकमा केही छैन भनेर दक्ष जनशक्ति पलायन भइरहेको अवस्थालाई रोक्न विगतमा भएका तर हाल रोकिएका श्रम प्रोत्साहनका अभ्यासलाई निरन्तरता दिइने सरकारको घोषणा छ।

क्रमशः पृष्ठ २ मा



### नीति तथा कार्यक्रमका प्राथमिकता

- श्रम संस्कृतिको विकास गरिने
- इन्टर्नलाई स्टार्टअपमा समावेश गरी कार्यघण्टामा आधारित ज्याला प्रणाली लागू गरिने
- श्रम अडिट गरिने
- आगामी दशकलाई आन्तरिक रोजगार दशकको रूपमा मनाइने
- देशभित्रै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गरिने
- अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुसार सीपयुक्त जनशक्ति तयार पारिने
- संस्थाको नवीकरण गर्दा श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइ नियमित योगदान गरेको प्रमाण संलग्न गर्नुपर्ने




## पृष्ठ १ बाट क्रमशः

## बलियो...

यसको अर्थ नागरिकसँग प्रत्यक्ष नभेटेर पनि सरकारबाट सेवा लिन सक्नु हो । सार्वजनिक सेवालाई प्रभावकारी बनाउन यो नीति अघि सारिएको बताइएको छ । यसका लागि नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरण बनाउनेलगायतका योजना अघि सारिएको छ ।

'सूचना प्रविधि पूर्वाधार विस्तार गरेर डिजिटल अर्थतन्त्रको विकास र नगदरहित वित्तीय कारोबार अभिवृद्धि गरिने छ । नीतिगत तथा कानुनी व्यवस्था गरी डिजिटल बैंक स्थापना गरिने छ,' राष्ट्रपति पौडेलले भने । दुई वर्षअघिबाट सारेको यो नारा भने नारामै सीमित छ । सरकारले अघि सारेको राष्ट्रिय परिचयपत्र कार्यक्रम अझै पनि पूर्णरूपले अघि बढ्न सकेको छैन । संघीयता लागू भएको लामो समय हुँदा पनि संघीयतासम्बन्धी विभिन्न कानुन सरकारले अझै ल्याउन सकेको छैन । यो विषयलाई पनि सरकारले नीति तथा कार्यक्रममार्फत सम्बोधन गरेको छ ।

सरकारले संसद्को चालु अधिवेशनबाट नौ वटा कानुन बनाउने घोषणा गर्दै यस्तो प्रतिबद्धता जनाएको हो । विद्यालय शिक्षा विधेयक, संघीय निजामती सेवा विधेयक, नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी विधेयक र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई टुक्राएर सेवा प्रदायक र नियामक छुट्ट्याउनेलगायतका विधेयक सरकारले प्राथमिकतामा राखेको छ । त्यसैगरी सरकारले भूमिसम्बन्धी विधेयक, नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक तथा नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई संसद्को यसै अधिवेशनबाट पारित गर्ने उल्लेख गरेको छ । सामान्यतय बजेट अधिवेशनमा बजेट प्राथमिकतामा पर्छन् ।

यसैगरी संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुर्‍याउन सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगलाई क्रियाशील बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ । मानवअधिकारको सम्मान, संरक्षण र परिपालनालाई निरन्तरता दिन छैटौं राष्ट्रिय कार्ययोजना लागू गरिने भनिएको छ ।

न्याय प्रणालीलाई छिटो, छरितो, पारदर्शी र विश्वासनीय बनाइ न्यायमा आमनागरिकको पहुँच अभिवृद्धि गर्न न्याय सेवाको संरचनात्मक सुधार गरिने कार्यक्रम सरकारको नीति तथा कार्यक्रममा समावेश छ ।

कानुन तथा न्यायको क्षेत्रमा संलग्न जनशक्तिको कानुन तर्जुमा, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, विवाद समाधानलगायतका विविध आयामहरूमा क्षमता अभिवृद्धि गरिनुका साथै सरकारी वकिलको सेवामा सुधार र व्यावसायिकता विकासका लागि विद्युतीय न्यायाधिवक्ता कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

यसैगरी सरकारले उद्यमशीलता मार्फत आन्तरिक रोजगारी सिर्जना गरी आयआर्जनका अवसर वृद्धि गर्ने घोषणा गरेको छ । सबै उद्यममा व्यावसायिक योजना (बिजनेस प्लान) र त्यसको इकोसिस्टमलाई मिश्रित गर्दै जेन-जी पुस्तालाई विशेष प्राथमिकतामा राखेर युवा पुस्तामा स्टार्टअप कार्यक्रम लागू गरिने उल्लेख छ । सन् १९९५ देखि सन् २००९ सम्ममा जन्मेका पुस्तालाई जेन-जी(जेनेरेसन जेड)का रूपमा चिनिन्छ । झट्ट हेर्दा देशले भोगिरहेको सम्पूर्ण समस्यालाई छु मन्तर पार्ने बुटीजस्तो देखिएको यो नीति तथा कार्यक्रम कतिको प्रभावकारी बन्ला ? यो भने बजेटको आँकडा र कार्यन्वयनसम्मै कुर्नुपर्ने देखिन्छ ।

प्रतिपक्षको प्रतिक्रिया : गन्तव्यहीन

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकारको नीति तथा कार्यक्रम गन्तव्यहीन भएको जनाएको छ । पूर्वअर्थमन्त्रीसमेत रहेका माओवादी नेता वर्षमान पुनले सरकारको नीति तथा कार्यक्रममा कुनै कार्यक्रम नै नभएको आरोप लगाए । 'यो नीति तथा कार्यक्रम गन्तव्यहीन छ । निरस र परम्परागत खालको छ । कार्यक्रम नै छैन । विगतमा स्पष्ट रूपले विषयगत कार्यक्रम राखिन्थ्यो । त्यसपछि बजेटमा अंक राखिन्थ्यो,' पुनले भने, 'यसले पनि सरकार गन्तव्यहीन तरिकाले चलेको पुष्टि हुन्छ ।'

सत्तारुढ दल नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले अझै धार लगाउन सक्ने भए पनि ठीकठीकै भएको प्रतिक्रिया दिए । 'कार्यक्रम ठीकठाकै छ । यसलाई अझ बोल्ड बनाउन सकिन्थ्यो । धार लगाउन सकिन्थ्यो । परम्परागतभन्दा माथि उठेर केही गर्न सकिन्थ्यो । समग्रमा ठीकै छ,' पूर्वअर्थमन्त्रीसमेत रहेका नेता महतले भने ।

■■■

## यी हुन्...

- नेपाल हवाई सेवा प्राधिकरण र नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी विधेयकहरू संसद्को चालु अधिवेशनबाट पारित ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई अनिवार्य ।
- आगामी दशकलाई आन्तरिक रोजगारी दशक ।
- विद्यालय शिक्षाको शासकीय सुधारका लागि दीर्घकालीन मार्गचित्र बनाउने ।
- विद्यालय शिक्षासम्बन्धी विधेयक यसै अधिवेशनबाट पारित गर्ने ।
- वि.सं. २०८४ भित्र सबै बालबालिकाले आधारभूत शिक्षा पाउने व्यवस्था गर्ने ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परिमार्जन ।
- प्राविधिक शिक्षालाई विश्वविद्यालय तहसम्म पुर्‍याइने ।
- स्थानीय तहदेखि केन्द्रसम्म सरकारी सेवामा 'इन्टर्नसिप' ।
- बढीमा हप्तामा २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै-पढ्दै' नीति लागू गरिने ।
- विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी आवासीय विद्यालय स्थापना ।
- शिक्षक बैंक स्थापना, दरबन्दी पुनरावलोकन, राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने ।
- स्पोर्ट्स स्कुल कार्यक्रम सञ्चालन
- अन्तर्राष्ट्रिय पदकप्राप्त खेलाडी र उनीहरूका सन्ततिका लागि अध्ययन छात्रवृत्ति ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम पुनर्संरचना ।
- बाल हेल्पलाइन सेवालाई नागरिक एपसँग जोड्ने ।
- निरोगी नेपाल अभियान सञ्चालन, सबै प्रदेशमा सघन जलन उपचार र मुटु सेवा विस्तार ।
- फागुन महिनालाई नसर्ने रोग स्क्रिनिङ महिना घोषणा ।
- क्यान्सर तथा मिर्गौला प्रत्यारोपण सेवा प्रदेशस्तरमा विस्तार ।
- काठमाडौंमा राष्ट्रिय न्यूरो साइन्स केन्द्र स्थापना ।
- जनरण नर्सिङ कार्यक्रम सञ्चालन ।
- बिमा बोर्डको पुनर्संरचना ।
- सबै सरकारी अस्पताललाई एउटै अनलाइन सेवामा आबद्ध ।
- औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी एकीकृत ऐन तर्जुमा ।
- विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय सञ्चालन ।
- नयाँ जनसंख्या नीति तर्जुमा ।
- भृकुटीमण्डपलाई अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र र प्रदर्शनी केन्द्रका रूपमा विकास
- 'एक स्थानीय तहः एक स्मार्ट हुलाक' अवधारणा कार्यान्वयन
- नेपालको आफ्नै भूउपग्रह सञ्चालन र सुरक्षित साइबर स्पेस निर्माण ।
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय आगामी आवबाट सञ्चालन ।
- नागरिक सेवा केन्द्र स्थापना ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई संघीयता अध्ययन प्रतिष्ठानमा रूपान्तरण ।
- निजामती सेवा विधेयक यसै अधिवेशनबाट पारित ।
- परराष्ट्र मामिलामा 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' नीति ।
- प्रधानमन्त्री कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'का रूपमा विकास
- वि.सं. २०८३ भित्र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सबै अन्तर्राष्ट्रिय मापदण्ड पालना ।
- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन ।

■■■

## नीति तथा...

त्यस्तै आधारभूत श्रम मापदण्डको कार्यान्वयन सुनिश्चित गर्न श्रम अडिटको व्यवस्था गरिने पनि कार्यक्रममा उल्लेख छ ।

अघिल्लो वर्षको जस्तै यस वर्ष पनि सरकारले सामाजिक सुरक्षा कोषको आबद्धतालाई प्राथमिकतामा राखेको छ । योगदानमा आधारित सामाजिक सुरक्षालाई अनिवार्य गरिने सरकारको भनाइ छ । जुनसुकै सेवा सर्तमा रोजगारीमा संलग्नलाई अनिवार्यरूपमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने गरी कोषको भूमिका र दायरालाई विस्तार गरिने घोषणा गरेको छ । अब कम्पनी, संस्था, सहकारी, फर्म या अन्य संगठित संस्थाको नवीकरण गर्दा श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइ नियमित योगदान गरेको प्रमाण संलग्न गर्नुपर्ने भएको छ ।

कोषमा हालसम्म २१ लाख ९४ हजारभन्दा बढी श्रमिक आबद्ध छन् । वैदेशिक रोजगारीमा जानेहरूलाई कोषमा आबद्ध हुने प्रावधान अनिवार्य गरेकाले आबद्धमध्ये १६ लाख १४ हजारभन्दा बढी त वैदेशिक रोजगारीमा जानेहरू छन् । तर विदेशमा रहेका नियमित योगदानकर्ताको संख्या न्यून छ । मुलुकका औपचारिक, अनौपचारिक र स्वरोजगारहरू भने पाँच लाख ७९ हजारको हाराहारीमा मात्र कोषमा आबद्ध छन् । त्यसमा पनि अनौपचारिक र स्वारोजगारको संख्या भने एक हजारभन्दा कम छ ।

वैदेशिक रोजगारीमा जानेहरूलाई अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुसार सीपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार गर्ने भएको छ । अहिले पनि लाखौं श्रमिक सीप नै नसिकी वैदेशिक रोजगारीमा जाने गरेका छन् । अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएकामध्ये एक लाख ४५ हजार ५४७ जना अदक्ष श्रमिक रहेका थिए । त्यसभन्दा अघिल्लो आव २०७९/८० मा दुई लाख दुई हजार ६१६ जना श्रमिक सीपविनै रोजगारीमा गएका थिए । यस्तो अवस्थालाई न्यूनीकरण गर्न श्रमबजारको मागअनुरूपको जनशक्ति तयार पार्ने योजना सरकारले बनाएको छ । त्यस्तै वैदेशिक रोजगारीमा आवश्यकताअनुसार ऐन, कानुन, नीतिको संशोधन गरेर समयसापेक्ष बनाउँदै अघि बढ्ने घोषणा पनि सरकारको छ ।


# Buddhashanti Rural Municipality
# Office of Municipal Executive
### Budhabarey, Jhapa
### Koshi Province

## Invitation for Bids for the Supply and delivery of Assistive device in Buddhashanti Rural Municipality

**Contract Identification No: BRM/NCB/GOODS/081/082-02**

Date of publication: 2082/01/20

1. Buddhashanti Rural Municipality has allocated funds towards the cost of Supply and delivery of Assistive device in Buddhashanti Rural Municipality and intends to apply part of the funds to cover eligible payments under the Contract for BRM/NCB/GOODS/081/082-02. Bidding is open to all eligible Bidders.
2. The Buddhashanti Rural Municipality invites electronic bids from eligible bidders for the procurement of Supply and delivery of Assistive device in Buddhashanti Rural Municipality under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Buddhashanti Rural Municipality, Budhabare, Jhapa or may visit PPMO egp system **www.bolpatra.gov.np/egp.**
4. Bidder should submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, should deposit NPR, 3000 for the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Buddhashanti Rural Municipalita
   Office Code no.: 80101327
   Office Account name.: GA1.1-ANTARIK RAJASWA KHATA-BUDDHASHANTI GAUPALIKA
   Office Account no.: 0852055499513007
   Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall be held at Buddhashanti Rural Municipality office at 12:00 PM, 2082/02/10 BS.
6. Electronic bids must be submitted to the office through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before 12:00 PM on 2082/02/20 BS. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2082/02/20 BS at the office of Buddhashanti Rural Municipality. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format for e-bid, amounting to a minimum of NRs. 40,000.00, which shall be valid for 30 days beyond the validity period.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| S.n | Brm/Ncb/Goods/081/082-02 | Name Of Assistive Device |
|---|---|---|
| 1 | LOT 1 | Hearing Aid |
| 2 | LOT 2 | White Stick |
| 3 | LOT 3 | Glass |
| 4 | LOT 4 | Air Matress |
| 5 | LOT 5 | Axillary Crutches |
| 6 | LOT 6 | Elbow Stick |
| 7 | LOT 7 | L Stick |
| 8 | LOT 8 | WheelChair |
| 9 | LOT 9 | Toilet Chair / commode chair |
| 10 | LOT 10 | Walker |
| 11 | LOT 11 | Tricycle |
| 12 | LOT 12 | CP Wheel Chair |
| 13 | LOT 13 | LLD Shoes |
| 14 | LOT 14 | CTEV Shoes |
| 15 | LOT 15 | Cp Chair |
| 16 | LOT 16 | Standing Frame Chair |
| 17 | LOT 17 | Wrist Split |

Bidders shall have the option of submitting Bids for anyone, some of the Lots or all the lots. Evaluation of Bids will be done Lot wise.

10. The office reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



## युएइमा रोजगार
कम्पनी : Golden Bricks Buildings Maintenance And Cleaning Services

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 322753 चलानी नं. ६०२३६७८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 0 | 1400 | ५१,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Const. Carpenter | 10 | 0 | 1400 | ५१,६९० | | | | | | | |
| 3 | Steel Fixture/Civil Mason | 10 | 0 | 1400 | ५१,६९० | | | | | | | |
| 4 | Welder Bulding | 10 | 0 | 1400 | ५१,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAKI OVERSEAS PVT. LTD. LIC No. 1754/081/082
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: 01-5916205, Mob: 9863484949 (Lila sir)
E-mail : info@makioverseas.com, Web: https: www.makioverseas.com

## युएइमा रोजगार
कम्पनी : Ali & Sons Contracting Compay Owned By Ali And Sons Holding-sole Proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 313396 चलानी नं. ६०२२७८३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 196 | 0 | 800 | २९,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ABC PLACEMENTS PVT. LTD LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

## कतारमा रोजगार
कम्पनी : QD RECYCLING FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 322798 चलानी नं. ६०२३६८०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 9 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Metal Pour Tech | 3 | 0 | 1400 | ५१,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.) Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## साउदीमा रोजगार
कम्पनी : Shapoorji Palonji Mideast LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 322777 चलानी नं. ६०२३६७९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD. श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Kan Awal Beverage Establishment

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 322590 चलानी नं. ६०२३६७९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1700 | ६१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


IMPERIAL OVERSEAS PVT. LTD. Govt. Lic. No. 816/066/067
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## कुवेतमा रोजगार
कम्पनी : ABJ ENGINEERING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 322722 चलानी नं.६०२३६७९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 100 | ४४,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 110 | ४८,६५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


VARSHA MANPOWER PVT. LTD. श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कुवेतमा रोजगार
कम्पनी : BYALAH KARAK RESTAURANT CO.WLL

पूर्व स्वीकृति मिति : २०८१/०४/०९ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०१/१९ LT. No. 307895 चलानी नं. ६०२२२६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR LABORS | 4 | 0 | 90 | ३९,८२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Index Recruitment Pvt. Ltd. श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

# भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आइटीमा-आधारित भू-सूचना प्रणाली स्तरोन्नति गरी सेवा प्रवाहमा सुधार गरिने उल्लेख गरे । 'भूमिको नाप जाँच र तथ्यांक व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ । भूमिको उचित प्रयोग गर्न भू-उपयोग योजना कार्यान्वयन गरिने छ, भूमिसम्बन्धी विधेयकलाई यसै अधिवेशनमा पारित गरिने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

सरकारले सहकारी नीतिको पुनरावलोकन गरी नयाँ राष्ट्रिय नीति जारी गरिने जनाएको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत सहकारी क्षेत्रका समस्या समाधान गर्नुका साथै समस्याग्रस्त सहकारीका साना बचतकर्तालाई तत्काल राहत उपलब्ध गराउन सहकारी नियमन प्राधिकरणमार्फत कोष स्थापना गरिने भनिएको छ । सरकारले तथा ऋण असुली न्यायधिकरण स्थापना गर्नुका साथै सहकारी तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणालीको मापदण्ड कायम गर्दै सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति पनि गर्ने भएको छ । 'गरिबी निवारण प्रत्यक्ष लक्षित कार्यक्रमहरू समन्वयात्मक र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ, विपन्न पहिचान भएका परिवारलाई राज्यका सुविधामा पहुँच वृद्धि गरिने छ,' नीति तथा कार्यक्रममा उल्लेख छ ।

दिगो वन व्यवस्थापनमा आधारित वन संवर्द्धन गर्दै वन स्रोतको उचित उपयोग गर्ने, वन पैदावार उत्पादन वृद्धि गरी आन्तरिक आपूर्ति, रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा जोड दिने र सामुदायिक वन व्यवस्थापन सुदृढ गर्दै वनमा आधारित स्रोतको उचित उपयोग गर्ने सरकारको योजना छ । राष्ट्रपति पौडेलले प्रस्तुत गरेको नीति तथा कायक्रममा भनिएको छ, 'संघ-प्रदेश समन्वय सुदृढ गर्दै राष्ट्रिय वनलाई व्यावसायिक कबुलियती वनमा रूपान्तरण गर्ने प्रक्रियालाई सरल र सहज बनाइने छ । राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन क्षेत्रको वातावरणीय सुरक्षा सुनिश्चित गर्दै राष्ट्रिय प्राथमिकताका आयोजना सञ्चालन गरिने छ ।'

सरकारले चुरे संरक्षणका लागि गुरुयोजना पुनरावलोकन गर्नुका साथै राष्ट्रपति चुरे तराई मधेस संरक्षण परियोजनाको पुनःसंरचना गरी राष्ट्रिय चुरे संरक्षण आयोजनाका रूपमा अघि बढाउने भएको छ । एकीकृत जलाधार व्यवस्थापनमार्फत पानी सञ्चय, भूक्षय नियन्त्रण र क्षतिग्रस्त भूमिको पुनर्स्थापनामा ध्यान दिने सरकारको योजना छ ।

मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै राहत प्रणालीलाई बिमा प्रणालीसँग एकीकृत गर्दै संरक्षण क्षेत्रमा मानव-प्रकृति सहअस्तित्व कायम गर्ने सरकारको नीति छ । सरकारले वातावरणीय अध्ययन तथा मूल्यांकन प्रक्रिया सरल बनाउनुका साथै वायु गुणस्तर कार्य योजना लागू गर्ने र पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनमा युरो-६ मापदण्ड लागू गर्ने सरकारको योजना छ ।

## दुई वर्षभित्र सम्पत्ति शुद्धीकरण निवारण मामिलाका सबै मापदण्ड पूरा गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सम्पत्ति शुद्धीकरण निवारणका मामलामा चुक्दा नेपाल वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को खैरो (ग्रे) सूचीमा रहेकामा सरकारले आगामी दुई वर्ष सबैखालका अन्तर्राष्ट्रिय मापदण्ड पूरा कार्यालयबाट अनुगमन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

सुशासन र छरितो प्रशासनको लागि प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय शासकीय सुधार आयोगले निर्देश गरेबमोजिम क्रमशः सुधारका कार्यहरू बढाइने जनाइएको छ ।




### नीति तथा कार्यक्रम

गर्ने नीति लिएको छ । शुक्रबार सदनमा पेस गरिएको सरकारको वार्षिक नीति तथा कार्यक्रमले मुलुकलाई दुई वर्षभित्र सम्पत्ति शुद्धीकरण निवारण मामलाका सबै अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने लक्ष्य राखेको हो ।

'सम्पत्ति शुद्धीकरण निवारणका लागि सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनाअनुसारका कार्यसम्पन्न गरी २०८३ भित्रै सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूर्णपालना गर्ने मुलुकको श्रेणीमा पुर्‍याइने छ । सम्पत्ति शुद्धीकरणलाई नियमन गर्न अनुसन्धान र अभियोजन प्रणाली पारदर्शी र प्रभावकारी बनाइने छ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'का रूपमा विकास गरी सार्वजनिक सेवा र विकास प्रशासनलाई थप प्रभावकारी र नतिजाउन्मुख बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । विकास आयोजनाहरूको नतिजामूलक अनुगमन गर्ने तथा अनुगमन गर्ने निकायले गरेका कामको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को यस्तै, निर्णय प्रक्रियामा सरलीकरण र प्रविधिमार्फत सेवाको रूपान्तरणका लागि इ-गभर्नेन्स बोर्डलाई सक्रिय बनाइने सरकारले प्रतिबद्धता जनाएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउँदै नागरिकको पहुँच सुनिश्चित गर्न निरन्तर सूक्ष्म निगरानी गरिने जनाइएको छ । यस्तै, हेलो सरकारमार्फत प्राप्त गुनासाहरूको शीघ्र सम्बोधनका लागि 'रेपिड रेस्पन्स टिम' परिचालन गरिने छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिइने र सरकारी निकायहरूमा पारदर्शिता तथा जवाफदेहिता वृद्धि गर्न भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीति र कार्ययोजना कार्यान्वयन गरिने जनाइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका निकायहरूको काम कारबाहीलाई पारदर्शी, व्यवस्थित र प्रविधिमैत्री बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । तस्करी, भ्रष्टाचार र राज्यको सम्पत्ति दुरूपयोग नियन्त्रणमा यी निकायहरूको भूमिका थप सुदृढ बनाइने जनाइएको छ ।

आर्थिक र वित्तीय प्रणालीमा पारदर्शिता र उत्तरदायित्व सुदृढ गर्ने तथा कसुरजन्य सम्पत्ति जफत गरी राज्यको स्वामित्वमा ल्याउने प्रक्रियालाई निरन्तरता दिइने पनि सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गर्न आवश्यक सडक यातायात सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण र सहकारी सर्वेक्षणको कार्य सम्पन्न नीति पनि सरकारले लिएको छ । यस्तै, राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्यांक संकलन कार्य यसै वर्षभित्र सम्पन्न गर्ने सरकारको लक्ष्य छ ।

सार्वजनिक खरिद कार्यलाई परिणाममुखी र प्रभावकारी बनाउन विद्युतीय खरिद प्रणालीको स्तरोन्नति गर्ने, औद्योगिक तथा पूर्वाधार आयोजनाका लागि बाह्य लगानी जुटाउन लगानी बोर्डलाई परिचालन गरिने पनि सरकारको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ ।

## ट्राफिक सचेतना कक्षा अब आफ्नै भवनबाट

**भक्तपुर–** ट्राफिक प्रहरी परिसर भक्तपुरले शुक्रबारदेखि आफ्नै भवनमा ट्राफिक सचेतना कक्षा सञ्चालन गरेको छ । सूर्यविनायक नगरपालिकाले आठ लाख रूपैयाँको लागतमा ट्राफिक सचेतना कक्षा सञ्चालनका लागि एककोठे भवन निर्माण गरिदिएपछि यहीबाट सेवा सञ्चालन गरिएको ट्राफिक प्रहरी परिसर भक्तपुरका प्रमुख एवं ट्राफिक प्रहरी निरीक्षक प्रदीप खत्रीले जानकारी दिए ।

यसअघि 'टेण्ट'मा राखेर कक्षा सञ्चालन गर्दा पानी पर्दा नजिकैको पार्टी प्यालेसमा कक्षा लिनुपर्ने बाध्यता थियो । अब स्थायीरूपमै सो समस्या समाधान भएको छ । भक्तपुरदेखि काभ्रेसम्मका चालकहरूका लागि यहाँ दैनिकरूपमा बिहान ९ देखि २ बजेसम्म कक्षा सञ्चालन गर्ने गरिएको छ । प्रहरी निरीक्षक खत्रीले चालु आर्थिक वर्षको साउनदेखि चैतसम्म १६ हजार ३१३ जनाले सचेतना कक्षा लिएको बताए । उनले हरेक दिन १०० देखि १५० जनाले कक्षा लिने गरेको बताए । ट्राफिक प्रहरीले मादक पदार्थ सेवन (मापसे) गरी सवारीसाधन चलाउने, लेन अनुशासन उल्लंघन गर्ने, तीव्र गति र रातोबत्ती उल्लंघन गरी कारबाहीमा पर्ने चालकका लागि एक घण्टा सचेतना कक्षा सञ्चालन गर्दै आएको छ ।

नगरप्रमुख वासुदेव थापाले सचेतना कक्षा नहुँदा ट्राफिक कार्यालयले भोगिरहेको समस्या समाधानका लागि एककोठे भवन निर्माण गरिएको बताए । उनले भने, 'ट्राफिक सचेतना कक्षा




लिन अब घामपानीको सकस अन्त्य भएको छ । हामीले ट्राफिक प्रहरीलाई मात्रै होइन सार्वजनिक सरोकारका काममा सहजता ल्याउन अन्य निकायलाई पनि यस्तै सहयोग गर्दै आएका छौं ।' *रासस*

**युएइमा रोजगार** कम्पनी : UNITES MANPOWER HUMAN RESOURCES CONSULTANCIES CO. L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | LT. No. 322664 | चलानी नं. ६०२३६७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1200 | ४४,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data entry clerk | 1 | 0 | 1200 | ४४,३०५ | | | | | | | |

कम्पनी : FALCON TECH GENERAL CONTRACTING AND MAINTENANCE - L.L.C - O.P.C
पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | LT. No. 322818 | चलानी नं. ६०२३६७८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale/Shop Assistant | 11 | 0 | 1100 | ४०,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २७ गते (10th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
अन्तरवार्ता हुने स्थानः काठमाडौ, ब्रदर्श अफिसमा मितिः २०८२ वैशाख २७ गते (12th May. 2025) मा हुनेछ
बुटवल, बुट्वल मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८२ वैशाख २८ गते (11th May. 2025) मा हुनेछ ।
झापा, अन्जली ट्रेनिङ सेन्टरमा मितिः २०८२ वैशाख ३० गते (13th May. 2025) मा हुनेछ । इटहरी, मुनाल ट्रेनिङमा मितिः २०८२ वैशाख ३१ गते (14th May. 2025) मा हुनेछ ।
चितवन, भरतपुर गार्डेन रिर्सट-चितवनमा मितिः २०८२ जेठ १ गते (15th May. 2025) मा हुनेछ ।
पोखरा, बाजेको सेकुवा पोखरामा मितिः २०८२ जेठ २ गते (16th May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Itahari Contact No: 9816368105/9810591900


## Belbari Municipality
## Office Of the Municipal Executive

**Belbari, Morang**
**Koshi Province, Nepal**

## Letter of Intent

**Date of publication: 20/01/2082**

This is an official notice from the Belbari Municipality Office regarding the approval of the submitted bids for Following construction projects as published in the National Daily Newspaper on the first announcement. The listed bidders is hereby selected as substantially responsive lowest evaluated bid among the submitted proposals for the respective projects. Approval is granted under Clause 27 (2)& Clause 47 of the Public Procurement Act, 2063. This notification provides a complete list of approved bids.

| S N | Ifb No. With Project Name | Bidder Name | Bid Price Without Vat & Ps | Remarks |
|---|---|---|---|---|
| 1 | BM/MOR/W/NCB-18-2081/082, Construction works of drain and edging for hat bazar management at different place | Rain Nirman Sewa, Itahari-13, Sunsari Nepal | NRS 30,99,580.00 | |

**Chief Administrative Officer**

प्रभाव दैनिक

शनिबार, २० वैशाख २०८२ (Saturday, May 03, 2025)

रूपशाला

## ५१औँ दिनमा 'अञ्जिला'

फिल्म 'अञ्जिला' ले प्रदर्शनको ५१ औँ दिनमा प्रवेश गर्न सफल भएको छ। गतवर्षको फागुन २९ गतेदेखि प्रदर्शनमा आएको फिल्मले १० करोड बढीको ब्यवसाय गर्दै ५१ औँ दिनमा प्रवेश गर्न सफल भएको हो। फिल्म मिलन चाम्सले निर्देशन गरेका हुन्। फिल्मले प्रदर्शनको ५१ औँ दिन छोएको छ', निर्देशक चाम्सले भने 'सम्भवत ५१ दिन पुग्ने यो पहिलो वायोपिक नेपाली फिल्म हो।' फिल्मले ५१ औँ दिन पुरा गरेको उपलक्ष्यमा निर्माण युनिटले शुक्रबार एक कार्यक्रम गर्दै सेलिब्रेसन गरेको छ।




# सिक्किममा रूचाइयो 'जार'



■ प्रभाव संवाददाता

**सिक्किम–** वैशाख २६ बाट सार्वजनिक प्रदर्शनमा आउन लागेको चलचित्र 'जार'को सिक्किममा प्रिमियर गरिएको छ। गान्तोकस्थित वाज्रा वर्ल्डमा आयोजित प्रिमियरमा विभिन्न क्षेत्रबाट विशिष्ट व्यक्तित्वहरू तथा सिक्किमबाट नेपाली चलचित्र उद्योगमा प्रतिनिधित्व गर्ने चलचित्रकर्मीहरूको उपस्थिति थियो।

चलचित्रको प्रीमियरमा सहभागी हुन निर्देशक फुर्वा छिरिङ लामाको नेतृत्वमा अभिनेताद्वय सौगात मल्ल र अनुपविक्रम शाहीसहितको टिम नेपालबाट सहभागी थियो। ७ सय सिट क्षमताको वाज्रा हल अतिथि दर्शकबाट भरिएको थियो। पारिवारिक कारणबस अभिनेत्री गीताञ्जली थापा भने आफ्नो चलचित्रको पहिलो प्रिमियरमा सहभागी हुन सकिनन्।

चलचित्र हेरिसकेपछि स्थानीय दर्शकले उत्कृष्ट प्रतिक्रिया दिएका छन्। चलचित्रलाई पर्दामा नियाल्दै केही घण्टा मात्रै पनि आफ्नै समाजको इतिहासको साक्षी बस्न पाउँदा सिक्किमेली दर्शक कोही भावुक त कोही उत्साहित देखिए।

कलाकार, निर्देशक, सिनेमाटोग्राफी, विजिएम र भिएफएक्सलाई दर्शकले तारिफ गरे। गायिका तथा संगीतकार झुमा लिम्बुको सङ्गीत प्रशंसाको केन्द्रमा पर्ने अर्को पक्ष बन्यो। नवकलाकार सुस्मिता भुजेलको अभिनय कलालाई पनि दर्शकले स्वागत गरेका छन्।

वरिष्ठ साहित्यकार इन्द्रबहादुर राईको कथामा आधारित चलचित्रले कृतिलाई पूर्णतः न्याय गरेको निर्देशक साम्तेन भुटियाले बताए। नेपाली मौलिकता पस्केको 'जार' अभिनय, निर्देशक र प्राविधिक सबै पक्षमा अब्बल बनेको उनको भनाइ छ।

दिग्गज अभिनेता उत्तम प्रधानले चलचित्र उत्कृष्ट बनेको भन्दै सम्पूर्ण टिमलाई बधाई दिए। कलाकारको अभिनय र निर्देशकीय पक्षलाई तारिफ गर्न समय खर्चेका प्रधानले नेपाली दर्शकले आफ्नो समाजको विगत थाहा पाउन 'जार' एक पटक हेर्नै पर्ने चलचित्र रहेको बताए।

मुख्यतः निर्देशक फुर्वा लामा, अभिनेत्री गीताञ्जली, अभिनेता द्वय सौगात र अनुपविक्रम दर्शकको प्रशंसाको केन्द्रमा परे। चलचित्र हेरिसकेपछि उनीहरूसँग तस्बिर र सेल्फीको लागि दर्शकले पालो पर्खेर बसेका थिए।

चलचित्रमा महँगो लगानीमा भिएफएक्सबाट तयार गरिएको बाघको दृश्यले सबैको ध्यान खिच्यो। जस्ताको तस्तै उतार्ने प्रयत्नसहित तयार गरिएको दृश्य पर्दामा आउँदा दर्शकले सिट्ठी र तालीले स्वागत गरे।

निर्देशक फुर्वा छिरिङ लामाले आफूले सोचेको भन्दा राम्रो प्रतिक्रिया पाएको भन्दै कतिपय ठाउँमा गरिएका नयाँ प्रयोग र जोखिमलाई दर्शकले अनुमोदन गरेको बताए। 'खेलाडीले खेल सकेपछि कस्तो खेल्यो र के सिक्न पायो भन्ने हुन्छ, दर्शक प्रतिक्रियाले उत्साहित छु, वर्षौंको मेहनतले सम्मान पाउँदा खुसी छु', उनले भने। अभिनेता द्वय सौगात र अनुपविक्रमले सिक्किमेली दर्शकसँगै बसेर चलचित्र हेर्दा राम्रो प्रतिक्रिया पाएको भन्दै चलचित्र पारखीलाई 'जार'ले तृप्त बनाउने बताए। आइवी राईको अमर कृतिमा आधारित चलचित्रलाई पनि दर्शकले अमर बनाउने विश्वास सौगात र अनुपको छ।

सिक्किम लोकसभा डेपुटी स्पिकर राजकुमारी थापा प्रमुख अतिथि रहेको कार्यक्रममा अतिथिको रूपमा सिक्किम प्रहरी प्रमुख अक्षय सच्देवा, लोकसभा सदस्य इन्द्रहाङ सुब्बा, मुखमन्त्रीका राजनीतिक सल्लाहकार ज्याकव खालिम, सिक्किम सरकारका प्रवक्ता कर्मा सुब्बा, मुख्यमन्त्री कार्यालय सचिव एसडी ढकाल लगायतका विशिष्ट राजनीतिक व्यक्तित्वहरूसहित नेपाली चलचित्र निर्माता सुस्मा गुरुङ, निर्देशक साम्तेन भुटिया, प्रशान्त रसाइली अभिनेता उत्तम प्रधान लगायत उपस्थित थिए।

सिक्किमपछि मे ३ तारिखमा सिलिगुडी (सिलिगुरी) मा यो चलचित्रको दोस्रो प्रिमियर तय गरिएको छ। बिहीबार दार्जिलिङ पुगेर प्रचारात्मक कार्यक्रम सम्पन्न गरेपछि 'जार' टिम सिलिगुरी पुग्नेछ। सरवानन इलावार्सुको छायाङ्कन रहेको चलचित्रमा अखिलेश राईको सम्पादन छ। चलचित्रको कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योति क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन्। होप रिल्स, एलए सेभेन सट्र्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा यो चलचित्र निर्माण भएको हो।

# 'मेरो भ्वाइस युनिभर्स'को प्रसारण सुरु

■ प्रभाव संवाददाता

**काठमाडौँ–** विश्वभरका नेपाली प्रतिभाहरू सहभागीहरूको सबैभन्दा ठुलो नेपाली गायन रियालिटी शो 'मेरो भ्वाइस युनिभर्स-सिजन २' को प्रसारण सुरु भएको छ। नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणबाट साँझ ८ बजेपछि यो शो प्रसारण भएको हो।

इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीको परिकल्पनामा तयार गरिएको 'मेरो भ्वाइस युनिभर्स'मा विश्वका २३ देशका नेपाली गायक गायिकाहरूले फाइनल प्रतिस्पर्धा गर्दै छन्। नेपालसमेत विश्वका १३ मुलुकमा अडिसनहरू समापन गरी काठमाडौँको एए स्टुडियोमा फाइनल राउण्डका प्रतिष्पर्धाहरू गराइएको हो। फाइनल राउण्डका ३२ एपिसोडहरूमध्ये बिहीबार साँझ पहिलो एपिसोड प्रसारण भएको हो।

फाउण्डेसनका अनुसार, अब 'मेरो भ्वाइस युनिभर्स' हरेक हप्ता विहीबार र शुक्रबार नियमितरूपमा प्रसारण हुने छ। यो प्रतिस्पर्धामा भाग लिन विश्वभरबाट छनौट भई नेपाल आइपुगेका प्रतिभाहरूले प्रधानमन्त्री केपी शर्मा ओलीले बालुवाटारमा निमन्त्रणा गरी शुभकामना दिँदै नेपाली संस्कृतिको दूतका रूपमा काम गर्न आग्रह गरेका थिए।




संसारभरका नेपाली मूलका नेपालीहरूलाई नेपाली संस्कृतिको माध्यमबाट नेपालसँग जोड्ने अभियानका रूपमा इन्ट्रा फाउण्डेसनले मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स नामका दुई रियालिटी शोहरूको आयोजना गर्दै आएको छ।

'मेरो भ्वाइस युनिभर्स'को निर्देशकमा विशाल अर्याल र विशाल भण्डारी रहेका छन् भने निर्णायकहरूमा वरिष्ठ गायक दीप श्रेष्ठ, संगीतकार सुरेश अधिकारी, गायक शिव परियार, गायिका अन्जु पन्त, गायिका लावनी चक्रवर्ती प्रसाईं र गायक एवं संगीतकार कर्मा ग्लाल्जेन रहेका छन्। यो शोमा प्रस्तोताका रूपमा रिमा विश्वकर्मा र राजा राजेन्द्र पोखरेल रहेका छन्।

# आँचललाई उपाधि

**काठमाडौँ (प्रस)–** 'मिस टिन युनाइटेड नेसन्स नेपाल २०२५'को उपाधि आँचल गिरीले जितेकी छन्। आयोजित फिनालेमा 'मिस्टर टिन'को उपाधि चाहिँ मृनल श्रेष्ठले हात पारे। विजेता दुवैले अमेरिकाको फ्लोरिडा राज्यमा आयोजना हुने प्रतियोगिताको अन्तर्राष्ट्रिय संस्करणमा नेपालको प्रतिनिधित्व गर्न पाउने भएका छन्।

प्रतियोगितामा पब्लिक च्वाइस अवार्ड स्मारिका मगर र रोहित श्रेष्ठले प्राप्त गर्दा प्रतिक्षा बस्नेत र आश्रिया तामाङले 'अर्गनाइजर च्वाइस' अवार्ड जिते। रोजिन शाक्यको कोरियोग्राफी रहेको प्रतिस्पर्धामा प्रतिस्पर्धीले दुर्गा बस्नेत, समीक्षा लामिछाने, बबिता प्रधान र अनिता खातीले तयार पारेका डिजाइन प्रस्तुत गरेका थिए। निर्णायकमा युनाइटेड नेसन्स प्याजेन्टस्का तर्फ अमेरिकाबाट नेपाल आएका लियन विलियम्स, फेसन डिजाइनर सजिना विष्ट, फेसन फोटोग्राफर सन्जय रौनियार र गायिका रेखा शाह थिए। स्मार्ट गफ आयोजक रहेको प्रतियोगिताको राष्ट्रिय निर्देशक प्रमिला सिलवाल र इभेन्ट निर्देशक रमेश शाही थिए।




रंगशाला

# जयकुमार नाथ शाह स्मृति क्रिकेट प्रतियोगिता वैशाख २२ गतेदेखि




■ प्रभाव संवाददाता

**काठमाडौँ –** जयकुमार नाथ शाह स्मृति इन्टर स्कुल क्रिकेट प्रतियोगिता वैशाख २२ गतेदेखि सुरु हुने भएको छ। काठमाडौँ जिल्ला क्रिकेट संघको आयोजना हुने प्रतियोगिता वैशाख २९ गतेसम्म सञ्चालन हुन लागेको हो। प्रतियोगिता पहिलो दिन काठमाडौँको तल्लो मूलपानी, माथिल्लो मूलपानी र त्रिवि मैदानमा आयोजना हुनेछ। दोस्रो दिनदेखि त्रिवि मैदान र तल्लो मूलपानीमा हुने आयोजकले जनाएको छ।

यो प्रतियोगितालाई एसिसी मेन्स यु-१६ इस्ट जोन कप २०२५ छनोटको रूपमा लिइएको छ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई काठमाडौँ जिल्लाको टोलीमा स्थान दिँदै नेपालको राष्ट्रिय यू-१६ टोलीको छनोटका लागि अवसर दिइने आयोजकले जनाएको छ। पहिलो संस्करणमा १६ स्कुलहरूले भाग लिएका थिए। यस पटकको दोस्रो संस्करणमा २१ वटा स्कुलहरू सहभागी हुने भएका छन्। सहभागी विद्यालयलाई सात समूहमा विभाजन गरिएको छ।

समूह विजेता सात टोली र एक उत्कृष्ट दोस्रो टोली क्वार्टरफाइनलमा पुग्नेछन्। प्रतियोगिताका कुल २८ खेल सञ्चालन हुनेछन्। विजेता टोलीले एक लाख ५० हजार रूपैयाँ प्राप्त गर्नेछन्। उपविजेता टोलीले ७५ हजार रूपैयाँमा चित्त बुझाउने छन्। उत्कृष्ट खेलाडीले १० हजार रूपैयाँ हात पार्नेछन्। उत्कृष्ट बलर, ब्याटर र इमर्जिङ खेलाडीले जनही पाँच हजार रूपैयाँ प्राप्त गर्नेछन्।

नीति तथा कार्यक्रम

# स्पोर्ट्स स्कुल र पूर्वाधार निर्माणमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौँ –** सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा खेलकुदको लागि केही पुरानै कार्यक्रम दोहोरिँदा स्पोर्ट्स स्कुल कार्यक्रम सुरु गर्ने उल्लेख गरिएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार बानेश्वरस्थित संघीय संसद भवनमा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा खेलकुदमा पुरानै कुरा समावेश गरिएको छ। तर अघिल्लो पटक नीति तथा कार्यक्रममा रहेका केही कार्यलाई यस पटक निरन्तरता दिइएको छैन।

खेलकुद पूर्वाधारमा निजी क्षेत्रलाई समेट्ने प्रयास गर्ने सरकारको नीति तथा कार्यक्रममा आएको एउटै मात्र सकरात्मक पक्ष देखिएको छ। यस्तै स्पोर्ट्स स्कुल कार्यक्रम सुरु गर्ने भनिएको पनि त्यो कस्तो हुने खाका आएको छैन।



अघिल्लो पटक समावेश भएको बृहत दशौँ राष्ट्रिय खेलकुदको विषयमा यस पटक केही उल्लेख गरिएको छैन। अघिल्लो वर्ष नै कर्णाली प्रदेशमा गर्ने भनिएको दशौँ राष्ट्रिय खेलकुद निर्धारित समयमा हुन सकेकन्।

नीति तथा कार्यक्रममा युवा र खेलकुदलाई जोडेर जम्मा चार बुँदा उल्लेख गरिएको छ। त्यसमा युवाको कार्यक्रमसम्बन्धी एउटा बुँदा उल्लेख छ भने खेलकुदसँग जोडिएको तीन वटा बुँदा छ। मुख्य रूपमा विद्यालय देखि नै खेलकुद कार्यक्रम गर्ने उदेश्यले स्पोर्ट्स स्कुल कार्यक्रम समावेश गरिएको छ। विद्यालय देखि खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

यस्तै रंगशाला लगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको पनि सहभागिता सुनिश्चित गर्न कानुनी व्यवस्था मिलाइने उल्लेख गरिएको छ भने खेलकुदलाई निजी क्षेत्रका संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमसँग जोडिने छ। त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई आधुनिक स्तरको क्रिकेट मैदानमा रूपान्तरण गरिनेछ।

यसैगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनालाई यसअघि जस्तै निरन्तरता दिइएको छ। त्रिवि क्रिकेट मैदानलाई हरेक वर्षको कार्यक्रममा निरन्तरता दिँदा धनगढीको फाप्ला, भरतपुरको गौतमबुद्ध क्रिकेट रंगशाला लगायत कार्यक्रम भने समावेश भएको छैन। त्यस्तै नीति तथा कार्यक्रममा निजी क्षेत्र र पूर्वाधार सम्बन्धि बुँदा समावेश गरिएको छ।

'रंगशाला लगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको पनि सहभागिता सुनिश्चित गर्न कानुनी व्यवस्था मिलाइनेछ। खेलकुदलाई निजी क्षेत्रका संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमसँग जोडिने छ।'

# गण्डकीको फाइनल पुग्ने सम्भावना बलियो

**काठमाडौँ (प्रस)–** गण्डकी प्रदेशले राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिताको महिलातर्फ फाइनलमा पुग्ने सम्भावना बलियो बनाएको छ। ललितपुरको च्यासल फुटबल मैदानमा शुक्रबार भएको महिलातर्फको खेलमा गण्डकीले मधेश प्रदेशलाई २-१ ले पराजित गरेको हो। जारी प्रतियोगितामा गण्डकीको यो लगातार दोस्रो जित हो। बिहीबार पहिलो खेलमा गण्डकीले बागमती प्रदेशलाई २-१ गोलले हराएको थियो। गण्डकीको दोस्रो जितमा मयुरी राईले दुई गोल गरिन्। उनी प्लेअर अफ द म्याच पनि भइन्।

मधेशकी गीताकुमारी म्रिङचिङले एक गोल फर्काए पनि हार टार्न सकिनन्। राउन्ड रोबिन लिगको आधारमा भइरहेको महिलाको प्रतियोगितामा महिलामा गण्डकीसहित त्रिभुवन आर्मी क्लब, मधेश प्रदेश र बागमती प्रदेश गरी चार टोली सहभागी छन्। लिगपछि शीर्ष दुई स्थानमा रहने टिमबीच उपाधि भिडन्त हुनेछ।

मधेशको भने दोस्रो हारपछि लिगमा शीर्ष दुई स्थानमा पुग्ने सम्भावना कमजोर भएको छ। मधेशले पहिलो खेलमा आर्मीसँग ७-० को हार सामना गरेको थियो।

पुरुषतर्फ आर्मी र कर्णाली प्रदेशले जित निकालेका छन्। नेपाल हक्की संघको आयोजनामा जारी प्रतियोगितामा समूह 'ए' मा रहेको आर्मीले मधेश प्रदेशमाथि १०-१ को सहज रच्यो। आर्मीको जितमा मनोज चौधरीले ह्याट्रिक पूरा गरे। 'प्लेयर अफ द म्याच' राजेन्द्र कार्की र अमरबहादुर गुरुङले दुई तथा देवसिंह धामी, प्रदीप राजवंशी र काशिराज राईले समान एक गोल गरे। आर्मीको यो दोस्रो जित हो भने मधेशले दोस्रो हार सामना गर्‍यो। आर्मीले पहिलो खेलमा गण्डकीलाई हराएको थियो। मधेश भने कोशीसँग चुकेको थियो। पुरुषमा लिगकम नकआउटका आधारमा प्रतिस्पर्धा भइरहेको छ। समूह 'ए' मा आर्मी र गण्डकीसँगै मधेश र कोशी प्रदेश छन्।

पुरुषकै समूह 'बी' को खेलमा कर्णालीले बागमती प्रदेशलाई २-१ ले हरायो। कर्णालीको जितमा प्रेम भण्डारी र जिवा रावतले समान एक गोल गरे। कर्णालीका सुशान्त रावत प्लेअर अफ द म्याच भए। बागमतीका समीर घिमिरेले एक गोल गरे।

# दक्षिण कोरियाका पूर्वप्रधानमन्त्री राष्ट्रपति पदको दौडमा



**सियोल–** पूर्वराष्ट्रपतिको महाभियोगबाट सुरु भएको आकस्मिक चुनावमा दक्षिण कोरियाका पूर्वप्रधानमन्त्री हान डक-सूले शुक्रबार राष्ट्रपति पदका लागि आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । दक्षिण कोरियालाई लामो राजनीतिक उथलपुथलमा डुबाएको डिसेम्बरमा मार्सल लको दुर्भाग्यपूर्ण घोषणापछि जुन ३ मा हुने मतदानले पदबाट हटाइएका महाभियोगमा परेका पूर्वराष्ट्रपति युन सुक योललाई कसले प्रतिस्थापन गर्ने भन्ने निर्णय गर्ने छ ।

चुनावी कानुन उल्लंघन गरेको आरोपमा राष्ट्रपति पदका उम्मेदवारलाई पुनःसुनुवाइको आदेश दिएपछि र हानसहित दुई प्रमुख सरकारी व्यक्तित्वले राजीनामा दिएपछि बिहीबार देशमा राजनीतिक अस्थिरता बढेको छ । हानले बिहीबार कार्यवाहक राष्ट्रपति र प्रधानमन्त्रीका रूपमा राजीनामा गर्दा सम्भावित राष्ट्रपतिको उम्मेदवारी दिने संकेत गरेका थिए । उनले 'ठूलो जिम्मेवारी लिन' इच्छुक रहेको बताएका थिए ।

'मैले गहिरोरूपमा माया गरेको कोरिया गणतन्त्रको भविष्यका लागि र हामी सबैका लागि, मैले जे गर्न सक्छु गर्ने निर्णय गरेको छु,' हानले शुक्रबार टेलिभिजन भाषणमा भने, 'यो राष्ट्रपति चुनावमा हाम्रा जनताले रोज्नका लागि म सक्दो प्रयास गर्ने छु ।'

डिसेम्बरमा संसद्ले युनलाई महाभियोग लगाएपछि पूर्वप्रधानमन्त्री हानले देशको कार्यवाहक राष्ट्रपतिको पदभार ग्रहण गरेका थिए । ७५ वर्षीय करिअर ब्युरोक्रचाट हानले युनको पिपुल पावर पार्टीसँग मिलेर लिबरल फ्रन्ट रनर ली जे-म्युङविरुद्ध एकीकृत कन्जरभेटिभ अभियान सुरु गर्ने अपेक्षा गरिएको छ ।

उदार र कन्जरभेटिभ दुवै सरकारमा हानले अर्थमन्त्री, व्यापार मन्त्री र अमेरिकाका लागि देशको राजदूतसहित धेरै वरिष्ठ भूमिका सम्हालेका छन् । विशेषगरी हानले दुईपटक प्रधानमन्त्रीको रूपमा सेवा गरेका छन् । पहिलो स्वर्गीय पूर्वराष्ट्रपति रोह मो-हयुनको अधीनमा र हालसालै युनको अधीनमा ।

'मैले गणतन्त्र कोरियाको गौरवशाली सार्वजनिक सेवकका रूपमा आर्थिक विकासको अग्रपंक्तिमा सेवा गर्न मेरो जीवन समर्पित गरेको छु,' हानले भने । उनले वासिङ्टनको करहरू समावेश भएको व्यापारमा चलिरहेको संकटलाई सम्बोधन गर्ने वाचा गरे । उनले राष्ट्रपतिको कार्यकाल छोटो गर्न संविधान संशोधन गर्ने वाचा पनि गरे ।

दक्षिण कोरियाको एकल पाँच वर्षे राष्ट्रपति कार्यकालले लामो समयदेखि एक व्यक्तिमा अत्यधिक शक्ति केन्द्रित गरेकोमा आलोचनाको सामना गरिरहेको छ । आलोचकहरूले यसलाई पर्याप्त नियन्त्रण र सन्तुलनको अभाव भएको आरोप लगाएका छन् । हानको घोषणा देशको सर्वोच्च अदालतले अघिल्लो अभियानका क्रममा झूटो बयान दिएकोमा दोषी नभएको फैसला खारेज गरेको एक दिनपछि आएको छ ।

सोही दिन हानलाई कार्यवाहक राष्ट्रपतिका रूपमा प्रतिस्थापन गर्न तयार भएका अर्थमन्त्री चोई साङ-मोकले विपक्षी सांसदहरूले मार्सल ल घटनामा संलग्न भएको आरोपमा उनको महाभियोगमा मतदान गरेपछि राजीनामा दिए । चोईको राजीनामापछि महाभियोग प्रक्रिया स्थगित गरिएको थियो । *रासस/एएफपी*

# विश्व स्वास्थ्य संगठनद्वारा गाजामा विनासकारी अवस्थाको चेतावनी

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का महानिर्देशक टेड्रोस अधोनम गेब्रेयससले गाजाको अवस्था विनासकारी रहेको र २० लाख मानिस भोकमरीको सामना गरिरहेको बताएका छन् ।

शुक्रबार जेनेभामा पत्रकार सम्मेलनमा बोल्दै गेब्रेयससले डब्ल्युएचओले अभूतपूर्व कोष चुनौतीहरूको सामना गरिरहेको उल्लेख गरे । उनका अनुसार दाता देशहरूले उनीहरूको योगदान घटाउँदै गर्दा डब्ल्युएचओको वित्तपोषणको इतिहासमा सबैभन्दा गम्भीर अवरोध भएको छ ।

यसैबीच डब्ल्युएचओको स्वास्थ्य आपत्कालीन कार्यक्रमका कार्यकारी निर्देशक माइकल रायनले गाजाका बालबालिकाहरूको दिमाग र शारीरिक अवस्था बिथोलिएको चेतावनी दिएका छन् । रायनका अनुसार गाजाका बालबालिकाहरूको शरीर र दिमाग बिथोलिएको छ, उनीहरू भोकै छन् । उनले अन्तर्राष्ट्रिय समुदायलाई कारबाही गर्न आग्रह गर्दै र यो अवस्था असहनीय रहेको जोड दिँदै अवस्था असहनीय रहेको बताए ।

कुपोषणको हालको स्तरले प्रतिरक्षा प्रणालीलाई बिगार्दै गएको उनको भनाइ थियो । उनले महिला र बालबालिकामा निमोनिया र मेनिन्जाइटिसका मामिलामा वृद्धि भएको पनि औंल्याए । *रासस/क्युएनए*

# भारतसँग तनाव बढ्दै जाँदा खाद्यान्न भण्डारण गर्न पाकिस्तानी कश्मीरको आदेश

**मुजफ्फराबाद (पाकिस्तान)–** गत महिना भएको घातक आक्रमणपछि कट्टर प्रतिद्वन्द्वीहरूबीच तनाव बढेपछि पाकिस्तान प्रशासित कश्मीरले यस क्षेत्रको भारतीय पक्षसँगको वास्तविक सीमा नजिकका बासिन्दाहरूलाई शुक्रबार खाना भण्डारण गर्न आह्वान गरेको छ ।

भारतले अप्रिल २२ मा भारत प्रशासित कश्मीरको पहलगामको पर्यटन स्थलमा सर्वसाधारणमाथि बन्दुकधारीहरूले गरेको आक्रमणका लागि पाकिस्तानलाई दोष दिएको छ । उक्त आक्रमणमा २६ जनाको मृत्यु भएको थियो । इस्लामाबादले उक्त आरोप अस्वीकार गरेको छ ।

'नियन्त्रण रेखा (एलओसी) का १३ वटा निर्वाचन क्षेत्रमा दुई महिनाका लागि खाद्यान्न आपूर्ति भण्डारण गर्न निर्देशन जारी गरिएको छ,' पाकिस्तान प्रशासित कश्मीरका प्रधानमन्त्री चौधरी अनवर उल हकले शुक्रबार स्थानीय सभामा भने । क्षेत्रीय सरकारले १३ वटा निर्वाचन क्षेत्रमा खाद्यान्न, औषधि र अन्य सबै आधारभूत आवश्यकताहरूको आपूर्ति सुनिश्चित गर्न एक अर्ब रूपैयाँ (३५ लाख डलर) को आपत्कालीन कोष पनि सिर्जना गरेको उनले बताए । *रासस/एएफपी*


## Belbari Municipality
## Office Of the Municipal Executive
**Belbari, Morang**
**Koshi Province, Nepal**

**SELECTION OF CONSULTANTS REQUEST FOR PROPOSALS**

**Notice No.** BM/MOR/RFP/QCBS-01-2081/082
**Date of Publication:** 02-05-2025

| | |
|---|---|
| **Project** | Detailed Feasibility Study and Detail Design of Energy Efficient smart street Lighting solution<br>Office Name: Belbari Municipality, Morang |
| **Estimated Cost** | NRs 13,59,022.06 (exclusive of VAT) |
| **Proposals Security** | NRs 10,000 |

**Submission & Opening of Bids:**

- **Deadline:** 18-05-2025, 12:00
- **Opening Date:** 18-05-2025, 14:00
- Validity of Proposals: 60 days and accompanied by a Proposals security valid for 30 days beyond the bid validity period, as specified above for each project.

Note: The original and all the copies of the Technical Proposal shall be placed inside of a sealed envelope clearly marked "**Technical Proposal**", "[Name of the Assignment]", reference number, name and address of the Consultant, and with a warning "**Do Not Open until [insert the date and the time of the Technical Proposal submission deadline]**."

Similarly, the original Financial Proposal (if required for the applicable selection method) shall be placed inside of a sealed envelope clearly marked "**Financial Proposal**" followed by the name of the assignment, reference number, name and address of the Consultant, and with a warning "**Do Not Open With The Technical Proposal.**"

**Chief Administrative Officer**

Invitation for Bids (IFB)
## Belbari Municipality
## Office Of the Municipal Executive
**Belbari, Morang**
**Koshi Province, Nepal**

**Invitation for Bids No.: BM/MOR/W/NCB-19-2081/082**

**Date of Publication: 02 May 2025**

Belbari Municipality invites sealed or electronic bids from eligible Nepalese bidders for the construction of multiple road segments: Chadani Chowk to Bhaunne Amtola, Dhokar road via Basnet's house to Dakshin School, and Kaseni Bazar Chowk to southern road (blacktop work). The estimated cost is NRs. 7,862,508.35 (excluding VAT and contingencies), under National Competitive Bidding.

**Bid Documents:** Available at Belbari Municipality or downloadable from **www.bolpatra.gov.np/egp.**

**Document Fee Deposit Details:**

- Bank: Rastriya Banijya Bank Ltd.
- Office Code: 801011304
- Account No.: 2430100301010002
- Revenue Title No.: 14229

**Submission Deadline:** 02 June 2025, 12:00 PM
**Bid Opening:** 02 June 2025, 2:00 PM
**Bid Validity:** 90 days from opening
**Bid Security:** NRs. 225,000 (valid 30 days beyond bid validity i.e 120 days)
**Eligibility:** No conflict of interest per ITB 4.3. Single entities or JVs must meet full requirements. Pre-bid meeting will not be held. If deadline falls on a holiday, next working day applies.

**Chief Administrative Officer**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०१।११ गते अन्दाजी रातको ५:३० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. २ रातामकै चोकस्थित रोडको साइडमा पार्किङ गरिराखेको दर्ता नं. बाग्मती प्रदेश ०२-०५२ प ८९८७ को रातो-कालो रङ्को २२० सि.सि. पल्सर मोटर साइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नामः** रमेश पुलामी मगर
**ठेगानाः** महालक्ष्मी, ललितपुर
**दर्ता नं.:** बाग्मती प्रदेश ०२-०५२ प ८९८७
**च्यासिस.नंः** MD21A13EX1RED82373
**इन्जिन नं :** DKXCRD29513
**सम्पर्क :** 9842924214

## माइग्रेसन हराएको सूचना

ललितपुर जिल्ला बागमती गाउँपालिका वडा नम्बर १ घुसेलबाट मिति २०८२ बैशाख ९ गते लगनखेल जाने क्रममा तारा कुमारी वाइवा नामको अरूणोदय मा वि, फर्पिङ काठमाडौंमा अध्ययन गरेको कक्षा १२ को माइग्रेसन प्रमाणपत्र हराएको हुँदा फेला पार्नु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरि सहयोग गरिदिनहुन अनुरोध गर्दछु ।

**नाम :** तारा कुमारी वाइवा
**रजिस्ट्रेसन.नं.:** ६५२७१५०९९
**सिम्बोल नं.:** ९७८०३२
**ठेगानाः** बागमती–१, घुसेल, ललितपुर
**सम्पर्कः** ९७६५८२९४८७

## सानिमा बैंक लिमिटेडको संस्थापक शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरूका लागि प्रकाशित ३५ दिने सूचना :

यस बैंकका संस्थापक शेयरधनी श्री दिलीप श्रेष्ठले आफ्नो नाममा कायम रहेको ६८,००० कित्ता संस्थापक शेयरहरु न्युनतम प्रतिशेयर मूल्य रू. १४५।- का दरले बिक्री गर्न निवेदन गरेको हुँदा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार उक्त संस्थापक शेयर खरीद गर्ने पहिलो हक विद्यमान संस्थापक शेयरधनीहरुको भएको हुँदा विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनीले उक्त शेयर खरिद गरी लिने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र तोकिएका आवश्यक कागजात प्रमाण संलग्न गरी बैंकको केन्द्रीय कार्यालय, नारायणचौर नक्साल, काठमाण्डौमा सम्पर्क राखी आफूले खरिद गर्ने शेयर संख्या तथा खरिद मूल्य खुलाई निवेदन पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनीहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक भन्दा बाहिरका बैंकको संस्थापक हुन योग्य अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न आवश्यक कारबाही अघि बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशन मिति २०८२।०१।२०**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ र आ.व. ०८१/८२ मा संकलन भएको बिभिन्न लटको साल, जामुन जातको गोलिया १७६२.५७ क्यू.फि. काठ र साल दाउरा १० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री जामुने सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा ।**

## ललितपुर महानगरपालिका वडा नं. १८ को संधियारको नाममा जारि भएको सूचना सम्बन्धमा ।

**प्रकाशित मितिः २०८२/०१/२०**

हरि बहादुर मगरको नाममा दर्ता कायम भएको साविक कार्यविनायक न.पा./सैंबु ३ हाल ललितपुर महानगरपालिका वडा नं. १८ को कि.नं. २३३० क्षे.फ. ०-३-२-० जग्गामा नयाँ घर निर्माणका लागि नक्सा दरखास्त परेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नक्सा बमोजिम नयाँ घर निर्माण गर्दा संधियारलाई पिर, मर्का सन्धी सर्पन पर्ने भए सबुद प्रमाण सहित १५ दिन भित्र उजुरी दरखास्त दिन ल्याउनु होला भन्ने व्यहोराको मिति २०८२/१/१० गतेको १५ दिन सूचना बुझाउन जाँदा उत्तर तर्फ कि.नं. १०६७ का जग्गाधनि फेला नपरेको हुँदा संधियार फेला नपरेमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्ने व्यवस्था बमोजिम उक्त कित्ता जग्गामा नयाँ घर निर्माण गर्दा पिर, मर्का सन्धी सर्पन पर्ने भएमा सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र उजुरी दरखास्त दिन ल्याउनु हुन अनुरोध गर्दछु । दरखास्तवाला हरि बहादुर मगर

**ईति सम्बत २०८२ साल ०१ महिना १० गते रोज शुभम् ।**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०२/२५ मा दर्ता भएको **प्रा.लि. नं. १२३३८७/०७०/०७१** को **स्ट्राइकर पब एण्ड ब्रुअरी प्रा.लि.** को मिति २०८२/०१/१९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०९/११ मा दर्ता भएको **प्रा.लि. नं. ७८७५९/०६७/०६८** को **ओम स्टिल स्ट्रक्चर प्रा.लि.** को मिति २०८२/०१/१९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/०८ मा दर्ता भएको **प्रा.लि. नं. १८६२३७** को **कर्म एड्भेन्चर्स प्रा.लि.** को मिति २०८२/०१/१९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८३५०० | प्रति तोला – ० | प्रति तोला – १९३० |



**काफल कुटुक्कै** | दाङको तुलसीपुरस्थित टुनापानीमा फलेको काफल संकलन गरी नजिकैको सातबासमा थोक मूल्यमा किनबेच गर्दै महिलाहरू । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

## 'डेडिकेटेड' तथा 'ट्रंकलाइन' महसुलको बक्यौता असुल गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले 'डेडिकेटेड फिडर' तथा 'ट्रंकलाइन' प्रयोग गरेबापत लिनुपर्ने विद्युत् महसुल कडाइका साथ असुल गर्ने भएको छ ।

शुक्रबार जारी गरिएको श्वेतपत्र सार्वजनिक कार्यक्रममा प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले असुल गर्नुपर्ने रकम कुनै पनि अवस्थामा छुट नहुने बताए । उनले बक्यौता असुलीका लागि प्राविधिक रूपमा प्रमाण जुटाउनुपर्ने र पहिलो खण्ड तथा तेस्रो खण्डको रकमको हकमा अदालतमा विचाराधीन रहेकाले अरू असुल गरिने बताए ।

प्राधिकरणको बाँकी बक्यौतातर्फ २०८१ असार मसान्तसम्मको डेडिकेटेड फिडर तथा ट्रंकलाइनतर्फको रु २३ अर्ब ४४ करोडसहित २०८१ फागुनसम्म प्राधिकरणको जम्मा बक्यौता रु ४४ अर्ब ५४ करोड रहेको छ । डेडिकेटेड फिडर तथा ट्रंकलाइनतर्फको रु २३ अर्ब ४४ करोडमध्ये पहिलो खण्ड २०७२ साउनदेखि पुससम्मको रु एक अर्ब ४२ करोड, दोस्रो खण्ड २०७२ माघदेखि २०७५ वैशाखसम्म रु ६ अर्ब ११ करोड तथा तेस्रो खण्ड २०७५ जेठदेखि २०७७ असारसम्म रु नौ अर्ब एक करोड र चक्रिय जरिवाना रकम रु ६ अर्ब ९० करोड रहेको जारी गरिएको श्वेतपत्रमा उल्लेख छ ।

त्यस्तै नेपाल सरकारबाट कोभिड-१९ छुट, चिस्यान केन्द्रलगायत शीर्षकमा दिइएको छुटबापतको रकम रु १४ अर्ब १० करोड बराबरको रकम शोधभर्ना प्राप्त गर्न बाँकी रहेको उल्लेख गर्दै कार्यकारी निर्देशक शाक्यले विगतका वर्षदेखि बाँकी रहिआएको भए पनि सरकारबाट प्राप्त गर्नुपर्ने बताए । डेडिकेटेड फिडर तथा ट्रंकलाइनतर्फको र अन्यसहित बक्यौता जम्मा रु ३२ अर्ब पाँच करोड रहेको जानकारी दिँदै उनले उक्त रकम महालेखा परीक्षकको आव २०८०/८१ को प्रतिवेदनमा पनि प्राप्ति अनिश्चित भएको उल्लेख गरे ।

## 'निजी क्षेत्रको सुझाव समावेश'

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले सरकारले ल्याएको नीति तथा कार्यक्रममा निजी क्षेत्रले दिएका सुझावहरू समावेश भएको प्रतिक्रिया दिएको छ ।

संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा शुक्रबार पेस भएको सरकारको नीति तथा कार्यक्रमपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले शिक्षालाई रोजगारी र सीपसँग जोड्नुपर्छ भन्ने विषयमा सरकारले प्रतिबद्धता जनाएको बताए ।

उनले भने, 'नीति तथा कार्यक्रममा सरकारले आगामी दशकलाई रोजगारी दशक बनाउने उल्लेख गरेको छ । त्यसका लागि कार्यक्रम कसरी आउँछ र बजेटले कसरी सम्बोधन गर्छ? भन्ने विषय हेर्न बाँकी छ ।'



नीति तथा कार्यक्रम

### निजी क्षेत्रको लगानीमा प्रसारणलाइन तथा ठूला आयोजना

सरकारले विद्युत् प्रसारणलाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिने नीति लिएको छ । शुक्रबार सार्वजनिक भएको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा अन्तरदेशीय प्रसारणलाइन निजी क्षेत्रलाई निर्माण गर्न दिनसकिने उल्लेख गरिएको छ ।

'निजी क्षेत्रको समेत सहभागितामा राष्ट्रिय तथा अन्तरदेशीय उच्च क्षमताका प्रसारणलाइनहरूको विस्तार गरिनेछ । विद्युत् प्रसारण संरचना निर्माण गर्न 'ट्रान्समिसन' एवं 'ह्विलिङ' चार्ज निर्धारणसहित अन्य आवश्यक नीतिगत र नियामकीय व्यवस्था मिलाइनेछ', सरकारको नीति तथा कार्यक्रममा भनिएको छ ।

आधुनिक तथा नवीकरणीय ऊर्जामा सबै नागरिकको पहुँच कायम गरिने जनाइएको छ । 'ऊर्जा विकास मार्गचित्र, २०८१' कार्यान्वयन गर्न कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गर्ने, नवीकरणीय ऊर्जाका वैकल्पिक स्रोतका रूपमा सौर्य, वायु र हाइड्रोजन ऊर्जाको विकास गर्नेलगायत विषयहरू सरकारको नीति तथा कार्यक्रममा परेका छन् ।

सुख्खायाममा समेत विद्युत् आपूर्तिको मागलाई सम्बोधन गर्न र ऊर्जा सुरक्षा कायम गर्न बहुउद्देश्यीय तथा जलाशययुक्त जलविद्युत् आयोजना विकासका लागि उपयुक्त वित्तीय ढाँचा अपनाइने जनाइएको छ । 'तीन तहका सरकारहरूको सहकार्यमा राष्ट्रिय 'ग्रिड' नपुगेका स्थानमा 'अफग्रिड' सौर्य तथा वायु ऊर्जा, लघु तथा साना जलविद्युत् र मिनी ग्रिडमार्फत विद्युत् आपूर्ति विस्तार गरिनेछ', नीति तथा कार्यक्रममा भनिएको छ ।

'जनताको जलविद्युत कार्यक्रम' अन्तर्गत जलविद्युत् निर्माणका लागि स्वःपुँजी परिचालन गराइने पनि सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । यस्ता आयोजनामा वैदेशिक रोजगारीमा गएका नागरिकको विप्रेषण रकमसमेत परिचालन गर्न प्रयास गरिने उल्लेख छ ।

'विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण कार्य योजना, २०८०' अनुसार घरायसी, कृषि, औद्योगिक, व्यावसायिक, पर्यटकीय र यातायात क्षेत्रमा विद्युतीय उपकरणको प्रयोग प्रवर्द्धन गर्ने नीति सरकारको छ ।

### निजी लगानी प्रवर्द्धन गरिने

सरकारले व्यावसायिक वातावरण सुधार गर्न अध्यादेशमार्फत सुरु गरिएका नीतिगत सुधारका आधारमा उद्यमशीलता र निजी लगानी प्रवर्द्धन गर्ने भएको छ ।

संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्द्धन गर्ने उल्लेख गरे । मुलुकलाई आत्मनिर्भर बनाउने विभिन्न विधामा उद्यमशीलताको अवसर सिर्जना गर्ने र स्थानीय कच्चापदार्थ, उद्यमशीलता र सीपमा आधारित औद्योगिक विकासलाई प्रोत्साहित गर्ने सरकारको योजना छ ।

राष्ट्रपति पौडेलले भने, 'उद्योग विस्तार गरी आयात प्रतिस्थापन र निर्यात अभिवृद्धि गरिनेछ, सहकारी तथा सामुदायिक क्षेत्रलाई उद्योगतर्फ आकर्षित गरिनेछ, नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहित गर्न स्टार्टअप कर्जा कार्यक्रम विस्तार गरिनेछ ।'

प्रदेश तथा स्थानीय सरकार एवं निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा स्टार्टअप उद्यमीहरूलाई व्यवसाय संवर्द्धन, क्षमता अभिवृद्धि, सेवा, बजारीकरण र मूल्यश्रृंखला निर्माण गर्न सबै प्रदेशमा व्यवसाय संवर्द्धन केन्द्र स्थापना र सञ्चालन गर्ने र इ. कमर्शमार्फत व्यापारको विकास गरिनेछ । बौद्धिक सम्पत्तिको संरक्षण तथा नवप्रवर्तन प्रवर्द्धन गर्ने सरकारको योजना छ ।

'देशभित्र विभिन्न स्थानमा रहेका पेट्रोलियम, फलाम, तामा, म्याग्नेसियम जस्ता खानीजन्य स्रोतको अध्ययन, अनुसन्धान र प्रवर्द्धनमा जोड दिइने छ । धौवादी फलाम कम्पनीलाई सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गरिनेछ । व्यावसायिक सम्भावना भएका रुग्ण उद्योगहरूलाई व्यवस्थापनका उपयुक्त विधि अपनाई पुनः सञ्चालन गरिनेछ', नीति तथा कार्यक्रममा भनिएको छ ।

गुरुयोजना निर्माण र कार्यान्वयन गरिनेछ । रेल तथा जल परिवहनको पूर्वाधार विकास गरी ढुवानी लागत घटाउने, अत्यावश्यक वस्तु सेवाको आपूर्ति सहज बनाउन भण्डारण क्षमता, मूल्य अनुगमन र गुणस्तर नियन्त्रणमा जोड दिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## नेप्सेको पुनर्संरचना गरिने

■ प्रभाव संवाददाता




नीति तथा कार्यक्रम

**काठमाडौं–** बैंक तथा वित्तीय संस्थाहरूको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापन गर्नका लागि सरकारले सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) कम्पनी खोल्ने भएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममार्फत सरकारले यस्तो कम्पनी स्थापना गर्ने जनाएको हो । त्यस्तै, डिजिटल बैंक स्थापना, नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को पुनःसंरचनालगायतका विषयहरू पनि नीति तथा कार्यक्रममा अटाएका छन् ।

'दोस्रो वित्तीय क्षेत्र विकास रणनीति लागू गरिनेछ । बैंक तथा वित्तीय संस्थाको गैर बैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गरिनेछ', नीति तथा कार्यक्रममा भनिएको छ, 'सूचना प्रविधि पूर्वाधार विस्तार गरी डिजिटल अर्थतन्त्रको विकास र नगदरहित वित्तीय कारोबार अभिवृद्धि गरिनेछ । नीतिगत तथा कानुनी व्यवस्था गरी डिजिटल बैंक स्थापना गरिनेछ ।' धितोपत्र बोर्ड सुदृढीकरण तथा स्टक एक्सचेन्ज पुनर्संरचना गरी पुँजी बजारको क्षमता एवम् पारदर्शिता वृद्धि गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

एकीकृत सामाजिक सुरक्षाको अवधारणालाई थप सुदृढ गर्दै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष लगायतका निकायबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूबिच समन्वय गरिने जनाइएको छ । 'सामाजिक सुरक्षा कोष सुदृढीकरण रणनीति कार्यान्वयन गरिनेछ । बिमा सेवालाई सर्वसुलभ र भरपर्दो बनाइनेछ', नीति तथा कार्यक्रममा भनिएको छ, 'भौतिक सम्पत्ति बिमा प्रवर्द्धन गर्दै बिमा सूचना केन्द्र कार्यान्वयनमा ल्याइनेछ । ग्रामीण तथा निम्न आय वर्गलाई बिमामा समेट्न बिमा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।'

सरकारको वार्षिक नीति तथा कार्यक्रममा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्दै अर्थतन्त्रलाई गतिशील बनाइने पनि उल्लेख छ । त्यस्तै उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिका लागि सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्नुका साथै वित्तीय तथा मौद्रिक नीतिबिच सामञ्जस्यता कायम गरिने जनाइएको छ ।

निजी लगानी प्रवर्द्धनका लागि थप नीतिगत सुधार र प्रक्रियागत सरलीकरण गरी व्यवसायमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता सरकारले आफ्नो नीति तथा कार्यक्रममार्फत जनाएको छ । त्यस्तै, सरकारी खर्चमा विनियोजन कुशलता वृद्धि गरी उच्च प्रतिफलयुक्त आयोजनामा लगानी केन्द्रित गर्ने, अनावश्यक सार्वजनिक संरचना खारेज गर्ने, गाभ्ने वा पुनःसंरचना गर्नेलगायतका विषय नीति तथा कार्यक्रममा अटाएका छन् ।

पछिल्ला वर्षहरूमा निरन्तर कमजोर हुँदै गएको राजस्व प्रणाली सुधारका लागि पनि सरकारले कदम चाल्ने भएको छ । 'औद्योगिकीकरण लगानी प्रवर्द्धन र अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने गरी कर प्रणालीमा संरचनात्मक रूपान्तरण गरिनेछ । कर प्रशासन सुधार र प्रविधिको प्रयोगबाट करदातामैत्री राजश्व प्रणाली सूचना विकास गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ ।

त्यस्तै, वैदेशिक सहायतालाई विकासको आवश्यकता र प्राथमिकताका आधारमा राष्ट्रिय प्रणालीमार्फत परिचालन गरिने जनाइएको छ । वैदेशिक लगानीलाई उच्च प्रतिफलयुक्त औद्योगिक तथा भौतिक पूर्वाधार आयोजनामा केन्द्रित गर्ने सरकारको नीति छ ।

लगानी तथा वित्तीय स्रोतहरू जुटाउन विभिन्न नवीनतम उपकरणहरू खोजी गरिने पनि सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । 'जलवायु वित्त कोषमा नेपालको पहुँच, नवीन प्रविधिको विकास, निजी क्षेत्रको लगानी तथा अर्थतन्त्रको उत्पादनशीलता अभिवृद्धि हुने गरी सहायता परिचालन गरिनेछ । परियोजना लगानीको आवश्यकता पूरा गर्न वैकल्पिक वित्त कोष स्थापना गरिनेछ', वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ', 'वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी विधेयकलाई संसद्को यसै अधिवेशनबाट पारित गरिनेछ ।' व्यापार सम्झौता विस्तार, वैकल्पिक वित्त र वस्तु विनिमयसम्बन्धी कानुन निर्माण, नवीन वित्तीय उपकरणमार्फत सम्भावना भएका सार्वजनिक पूर्वाधारमा निजी पुँजी आकर्षित गर्नेलगायतका विषयहरू सरकारको वार्षिक नीति तथा कार्यक्रममा महत्त्वका साथ राखिएको छ ।

**विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं**

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकबिहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामाजिक सिकाईकेन्द्रहरूले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरूले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका, अपांगता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

**सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ